सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २०६ ♦ २०८१ साल फागुन २३ गते शुक्रवार ♦ 7 March 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## प्रधानमन्त्री ओलीले दिए पूर्वराजालाई पार्टी खोलेर चुनावमा आउन चेतावनी

**खबर दर्पण समाचारदाता**

**फागुन २२ गते, बर्दिबास**



प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वराजालाई पार्टी खोलेर चुनावमा आउन चुनौती दिएका छन् ।

महोत्तरीको गौशालामा आईएमई ग्रुपले स्थापना गरेको नेपाल पल्प पेपर इन्डस्ट्रिजको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले भने, ' एकै पार्टीलाई आफ्नो भनेर वा नयाँ पार्टी नै खोलेर २०८४ मा चुनाव लड्न आग्रह गर्छु ।

उनले पूर्व राजालाई आफै अगाडी आउनु अगाडी अगाडी कुनै 'होस्ट' सारेर नुहुने बताए। ओलीले भने, 'बीचबीचमा टाउको निकाल्दैमा राजतन्त्र र राजा आउँदैन । सामन्ती र जितन्त्र र जन्मँदै राजा हुने प्रवृत्ति अब हुन सक्दैन । फालिएको राजतन्त्र फर्किँदैन । फेरि राजा भएर रैती बनाउन र दुई सय वर्ष अझै खान्छु भनेर नसोच्दा हुन्छ ।'

उनले नेपाली जनताको चेतनास्तर माथि उठिसकेको बताउँदै उनले बलमिच्याइँ, अर जकताबाट सिंहासनबाट बस्ने चाहना नेपाली जनतालाई स्वीकार्य नहुने बताए।

प्रधानमन्त्री ओलीले कुर्सीमा बस्दैमा कोही राजा बन्न नसक्ने बताउँदै 'षड्यन्त्रबाट जन्मेको राजतन्त्र र झाडीबाट आएका राजा फेरि अब कहिले फर्किन्छ भनेर कसैले दिवा स्वपन्न नदेखे हुने बताए ।

प्रधानमन्त्री ओलीले भुलभुलैया, नाटक, तमासमा नपर्न नागरिकसँग आग्रह गर्दै सरकारलाई दन्तबजान गर्ने फुर्सद नरहेको बताए ।

प्रधानमन्त्री ओलीले मुलुकको दक्षिण क्षेत्रका सडक हुलाकी राजमार्ग लगायत सडक फराकिलो नबन्दा मधेशको विकास हुन नसकेको बताए । फराकिलो सडक बनाएर नया सहर घोषणा गरी मधेशको विकास गर्न सकिने उनको भनाइ थियो ।

## गणतन्त्रमा राजाको कुनै स्थान छैन : सभापति देउवा



**खबर दर्पण समाचारदाता**

**फागुन २२ गते, बर्दिबास**

कांग्रेस सभापति शेरबहादुर देउवाले गणतन्त्रमा राजाको कुनै स्थान नरहेको बताएका छन् ।

'राजाको पालामा खाइ पल्केकाहरु र इतिहासबारे थाहै नभएकाहरुले राजा चाहेका हुन्' देउवा भने, 'निरंकुशता बुझेकाहरुले यसो भन्दैनन् ।' उनले भ्रमको खेती धेरै नटिक्ने पनि टिप्पणी गरे ।

महोत्तरीको बर्दिबासमा बिहीबार साँझ कार्यकर्ता भेटघाटमा उनले निर्वाचनको समयमा कांग्रेसीले नै कांग्रेसलाई मतदान नगर्ने परम्परा अन्त गर्न निर्देशन दिए ।

कार्यकर्ताहरुले गठबन्धन गरी नेताहरुको भविष्यसँग खेलबाड गरेको र गठबन्धन गरेर निर्वाचनमा सहभागी हुँदा पार्टी कमजोर भएको जिज्ञासा राख्दा जवाफमा देउवाले आगामी निर्वाचनमा आफ्नै उम्मेदवारलाई मतदान गर्ने अवसर आउने प्रतिबद्धता जनाए ।

'२०८४ को निर्वाचनमा गठबन्धन हुँदैन,' उनले,'पार्टीका उम्मेदवारलाई मत नदिइ घात गर्ने परिपाटीको अन्त हुनुपर्छ । टिकट पाएका उम्मेदवारको टिकट खोस्ने घटना दोहरिँदैन । उम्मेदवार जित्ने माहोल कार्यकर्ताले नै बनाउनु पर्छ ।' देउवासँगको भेटघाटमा नेता कार्यकर्ताहरुले बर्दिबासको अव्यवस्थित जग्गा तथा रेल्वेको मुआब्जालगायत समसामयिक समस्या समाधानका लागि पहल गरिदिन आग्रह गरेका थिए ।

## प्रत्यक्ष निर्वाचित राष्ट्रपति लागू गर्न अघि बढौं : प्रचण्ड



**खबर दर्पण समाचारदाता**

**फागुन २२ गते, बर्दिबास**

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रत्यक्ष निर्वाचित राष्ट्रपति लागू गर्नका लागि अघि बढ्न अपिल गरेका छन् ।

जनतासँग माओवादी तराई-मधेस जागरण अभियानअन्तर्गत महोत्तरीको एकडारा गाउँपालिकामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो धारणा रखेका छन् ।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन)को पुर्ख्यौली घरमा रहेको कार्यक्रम स्थलबाट प्रचण्डले भने, "पहिचानको मुद्दा बोक्ने पार्टी माओवादी नै हो। हामी संविधान परिमार्जनका लागि लागेका छौं । त्यसमा जनताको साथ पाउनेमा ढुक्क छु ।"

उनले थपे, "प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्नका लागि बढौं भन्नका लागि हामी तपाईंहरुलाई अपिल गर्नेछौं । त्यतिबेला तपाईंहरुको साथ हुने विश्वास व्यक्त गर्दछु ।"

यसअघि जागरण अभियानको क्रममा मोरङमा 'प्रचण्ड'ले स्वतन्त्र रुपमा चुनाव जितेर आएका बालेन प्रत्यक्ष राष्ट्रपति निर्वाचित हुँदा केही फरक नपर्ने बताएका थिए ।



# एउटा पांग्रा बिनै जनकपुरबाट काठमाडौं उड्यो बुद्ध एयर

**खबर दर्पण समाचारदाता**
**फागुन २२ गते, जनकपुरधाम**

बुध्द एयरको जनकपुरबाट काठमाडौं आएको जहाजले अगाडिको एउटा पांग्रा (नोज ह्वील) बिना नै अवतरण गरेको छ।

जनकपुबारबाट काठमाडौं आएको उक्त जहाजमा एउटा नोज ह्वील नभएको चालक दलका सदस्यले थाहनै पाएनन्। तर पनि जहाज भने सकुशल काठमाडौंमा अवतरण गरेको छ।

जनकपुरबाट ४ बजेर ३९ मिनेटमा उडान गर्दा पांग्रासहित उडेको जहाज काठमाडौंमा ५ बजेर ६ मिनेटमा अवतरण गर्दा अगाडिको पांग्रा नै थिएन्।

जहाजको अगाडि दुईवटा नोज ह्वील हुनुपर्नेमा अवतरणपछि एउटा मात्रै पाइएको थियो। जहाज अवतरणपछि बाटैमा पांग्रा हराएको विषयमा खैलाबैला भएको छ।

काठमाडौंमा खैलाबलापछि जनकपुर विमानस्थलमा जाँच गर्दा पांग्रा धावनमार्गमै फेला परेको थियो। बुध्दको युफोर ५०६ उडान नम्बरको एटीआर ७२ नामक एएनएच जहाजले काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भने गरेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाले भने जहाजको बारेमा कुनै रिपोर्ट नभएको र जानकारी समेत आफूलाई नभएको बताए।




नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले भने जनकपुरबाट काठमाडौं आएको विमानको पांग्रा नभएको विषयमा पार्किङमा पुगेपछि मात्र थाहा भएको बताए। 'ल्यान्डिङ गेयरको नोटिफिकेशन ककपिटमा नआउने र कुनै इन्डिकेटरले सूचित नगरेकाले एउटा पांग्राले मात्रै भए पनि जहाज सकुशल अवतरण गऱ्यो,' उनले भने, 'यो जहाजलाई ग्राउन्डेड गरेर जाँच भइरहेको छ।'

उक्त जहाजमा ६२ जना यात्रु सवार थिए।





मधेस प्रदेश सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
जनकपुरधाम, धनुषा नेपाल


# औरही नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**औरही, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र आहवान सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मितिः२०८।११।२३)

| क.स | ठेक्का नं. | योजनाको नाम | कुल लागत अनुमान रकम रु(मु.अ.कर, पि.एस र कन्टिजेंसि समेत) | धरोटी रकम रु | दरभाउपत्र दस्तुर रु |
|---|---|---|---|---|---|
| १ | AM/NCB/WORKS/10/081-082 | Procurement Supply, delivery and Installation of Electric item for Ward no 9 And Electrification for Irrigation | ६८०२७६२।८१ | सुचनामा उल्लेख भए अनसुार | सुचनामा उल्लेख भए अनसुार |

माथि उल्लेखित ठेक्काहरुको लागि सार्वजनीक खरिद अनुगमन कार्यालय वेवसाइटPPMO website www.bolpatra.gov.np विवरण हेरी Online Bidding गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# गौशाला १, रामनगरमा नेपाल पल्प एण्ड पेपर इन्डष्ट्रिज सञ्चालन




**खबर दर्पण समाचारदाता**

**फागुन २२ गते, बर्दिवास**

आइएमई ग्रुपको लगानीमा महोत्तरी जिल्लाको गौशालामा कागज उद्योग सञ्चालनमा ल्याएको छ ।

ग्रुपले महोत्तरी जिल्लाको गौशाला नगरपालिका वडा नं. १, रामनगरमा स्थापना भएको नेपाल पल्प एण्ड पेपर इन्डष्ट्रिज सञ्चालनमा ल्याएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले बिहीबार उद्योग परिसरमा र हेको ताम्रपत्र अनावरण गर्दै उद्योगको औपचारिक उद्घाटन गरे ।

उद्घाटन लगत्तै प्रधानमन्त्री ओलीले कागज उत्पादन प्रकृया र उद्योगमै रहेको वातावरण मैत्री क्यालसियम कार्वोनेट उत्पादनको समेत अवलोकन गरे ।

२ अर्व रुपैयाँ लगानी रहेको यो उद्योगले अब दैनिक ७५ मेट्रिक टन लेखन तथा छपाई कार्यका लागि उपयुक्त गुणस्तरीय कागज औद्योगिक स्तरमा उत्पादन गर्न थालेको छ । उद्योगले पहिलो चरणमा फोटोकपी पेपर र कापी किताबका लागि प्रयोग हुने कागज उत्पादन सुरु गरेको हो ।

शैक्षिक, प्रशासनिक तथा अन्य धेरै क्षेत्रमा उच्च माग रहेको फोटोकपी पेपर र अन्य कागजको उत्पादनले आन्तरिक बजारको माग सम्बोधन गर्नेछ। विद्यालयको पाठ्यपुस्तक छपाई गर्दै आएको जनक शिक्षा सामग्री केन्द्र लगायतलाई समेत स्वदेशी उत्पादन प्रयोगका लागि ढोका खुल्नेछ ।

उद्योग उद्घाटन समारोहलाई सम्बोधन गर्दै आइएमई ग्रूपका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपाल पल्प एण्ड पेपर इण्डस्ट्रिजको सञ्चालन आइएमई ग्रुपको उत्पादनमूलक क्षेत्रमा औपचारिक प्रवेश मात्र होइन, यो नेपालको औद्योगिक यात्रामै नव जागरणको रुपमा लिएको बताए ।

अध्यक्ष ढकालले नयाँ उद्योगको सञ्चालन मुलुकको आत्मनिर्भरता, आर्थिक वृद्धि तथा दीगो औद्योगिक विकासप्रतिको प्रतिवद्धताको रूपमा लिन र विकासको राष्ट्रिय आकांक्षामा निजी क्षेत्रले गरेको 'होस्टेमा हैंसे'को उदाहरण बनेको पनि उल्लेख गरे ।

उद्योगहरू बन्द हुने, लगानीकर्ताहरू पलायन हुने र अरबका खाडीको ५० डिग्री सेन्टिग्रेटको तातोमा काम गर्न युवाहरू जानुपर्ने वाध्यतालाई कम गर्दै गरेर नयाँ उद्योगहरू खोल्दै आयात प्रतिस्थापन गर्ने र कर्ममुखी औद्योगिक विकासको नवजागरण सृजना गर्न आइएमई ग्रुपको यस्तै उत्पादनमुलक उद्योगमा भएको प्रवेश महत्वपूर्ण पाइला सावित हुने पनि अध्यक्ष ढकालले उल्लेख गरे ।

औद्योगिक विकास रोजगारीको प्रमुख कारक रहेको प्रस्ट्याउदै अध्यक्ष ढकालले नेपाल पल्प एण्ड पेपर इन्डष्ट्रीले प्रत्यक्ष रूपमा ३०० बढी र अप्रत्यक्षरुपमा हजारौंका लागि रोजगारीका अवसर सिर्जना गरेको जानकारी समेत गराए ।

जसमा इन्जिनियर, प्राविधिक र कारखाना श्रमिकदेखि आपूर्ति व्यवस्थापक, खुद्रा विक्रेता र किसानहरु समेत समावेश छन्। उद्योगले ५० प्रतिशतभन्दा बढी स्थानीय र महिलाहरुलाई अवसर दिन थालेको छ ।

अध्यक्ष ढकालले यो प्रयासलाई स्वदेशी उद्योग प्रवर्द्धन गर्ने र प्रमुख क्षेत्रमा आत्मनिर्भरता हासिल गर्ने सरकार र आम नेपाली जनताको सोच तथा सपनासँगको हातेमालोको रूपमा लिन पनि आग्रह गरे ।

नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्षको रुपमा अध्यक्ष ढकालले पछिल्लो समय नेपालमा लगानीमैत्री वातावरण निर्माणका लागि सरकारले ल्याएका कतिपय कानुनहरु निकै सहयोगी सिद्ध हुने विश्वास लिएको उल्लेख गरे ।

उनले मुलुकको अर्थतन्त्रको सुधार र विकासका लागि आवश्यक नीति तथा कानुनहरू निर्माणमा सरकारले निजी क्षेत्रका सुझावहरु सुन्न थालेको र आपसी समन्वयमा रहेर काम गरिरहेको निजी क्षेत्रले महसुस गरेको पनि उल्लेख गरे ।

स्वदेशी होस या विदेशी होस्, लगानीकर्ताले फिल्डमा काम भए नभएको हेर्ने गर्दछ। त्यसैले यस्तै नयाँ नयाँ ठूला आयोजनाहरु वर्षमै सञ्चालनमा आए भने त्यसले मुलुकमा लगानीको वातावरण छ भन्ने अर्थ आफैं लाग्नेछ ।

त्यसैले आज सञ्चालनमा आएको यो उद्योगले पनि नेपालमा लगानीको वातावरणको सकारात्मक सन्देश यथेष्ट मात्रामा दिने पनि अध्यक्ष ढकालले बताए ।

सो अवसरमा अध्यक्ष ढकालले पाथिभरामा बन्न लागेको केबलकारको विषयमा सतहमा आएका केही विषयले मुलुकमा लगानी र व्यवसायिक वातावरणप्रति नकारात्मक सन्देश प्रवाह हुने आशंका रहेको समेत उल्लेख गरे ।

ताप्लेजुगका स्थानीय जनता, स्थानीय सरकार र प्रदेश सरकारले बारम्बार गरेको आग्रहमा पाथिभरामा केबलकारको निर्माण परियोजना सुर गरेको स्मरण गराउदै अध्यक्ष ढकालले उक्त प्रसिद्ध देवस्थलको सांस्कृतिक मूल्यमान्यता र पर्यावरणीय सन्तुलन जस्ता आयोजना निर्माणका सबै पक्षलाई ध्यानमा राखेर र जिल्लाबासी सबैको सहमति र सहभागितामा परियोजनाको निर्माण कार्यको थालनी भएको बताए ।

काम सुरु भए लगत्तै जिल्ला भन्दा बाहिरबाट गएर अवरोधको प्रयास भएको र यस्तो प्रवृतिले भोलिका दिनमा लगानीको अवस्था के हुन्छ र लगानीकर्ता यस्तो अवस्थामा थप लगानीका लागि तयार हुन्छन् कि हुँदैनन भन्ने कुरा निजी क्षेत्र र राज्यले सोच्नुपर्ने अवस्था आएको तर्फ पनि अध्यक्ष ढकालले ध्यानाकर्षण गराए।

पूर्वाधार निर्माणजस्तो काममा देखिएको अवरोध सूचना प्रविधिको विकासले साँघुरो बनि रहेको संसार भरि पुग्दा त्यसले विश्वका लगानीकर्ताहरुमा कस्तो सन्देश सञ्चार गर्ला भन्ने चिन्ता निजी क्षेत्रमा बढाएको पनि अध्यक्ष ढकालले बताए ।

बदलिदै गरेको विश्व परिवेशमा विदेशी अनुदान तथा सहायता घट्दै गएको यथार्थ मनन गरेर स्वदेशी उद्यमी, रोजगारी र राजश्व सृजना गर्ने कर्मशिलहरूलाई प्रोत्साहन गर्नुको विकल्प नरहेको उल्लेख गर्दै अध्यक्ष ढकालले प्रकृतिले दिएका अपार सम्भावनाहरूलाई उपयोग गर्दै समृद्धि तर्फको यात्रामा सँगसँगै अगाडि बढ्न आह्वान समेत गरे।

सबै राजनितिक दलका नेताहरू, सबै संघ संस्थाका नेतृत्व वर्गलाई पूर्वाधार विकास, रोजगारी सृजना, आम नागरिकले पाउने सेवा र राज्यले प्राप्त गर्ने राजश्वको मुख्य श्रोत सृजना गर्न सबै पक्ष एकै ठाउँमा उभिनु पर्ने आवश्यकता पनि अध्यक्ष ढकालले औंल्याए ।

पूर्वाधार निर्माण, आर्थिक विकास र आम नागरिकले प्राप्त गर्ने सेवा, सुविधा र आवश्यकताका विषयमा नकारात्मक राजनिति नगर्न र पूर्वाधार विकास भयो भने मात्र नागरिकको जीवनस्तर सुधार हुने रोजगारी सृजना हुने, राजश्व वृद्धि हुने हो र मुलुक सम्मृद्ध हुनेमा कसैको दुई मत नरहेको पनि अध्यक्ष ढकालले उल्लेख गरे ।

विहिवार उद्घाटन भएको उद्योगको सर्न्दभ उल्लेख गर्दै अध्यक्ष ढकालले विगत कयौं वर्षदेखि नेपाल कागज तथा कागजजन्य उत्पादनका लागि आयातमा निर्भर रहँदै आएकोमा अव त्यो अवस्था नरहने बताए ।

मुलुककै ठूलो उद्योगमध्येको एक भृकुटी कागज कारखाना बन्द भएसँगै नेपालमा औद्योगिकस्तरमा कागजको आन्तरिक उत्पादन छैन ।

साना तथा हाते कागज उद्योगहरुले भने हस्तकला तथा नेपाली कागजको आपूर्तिमा योगदान गरे पनि प्रयाप्त छैन् ।

सो अवसरमा अध्यक्ष ढकालले आइएमई समूहको व्यावसायिक अभियानका प्राथमिकताका बारेमा पनि उल्लेख गरे ।

पहिलो, राष्ट्रले प्राथमिकतामा राखेको क्षेत्रमा लगानी गर्ने, दोस्रो, बढीभन्दा बढी नागरिकलाई प्रत्यक्ष रुपमा लाभ पुग्ने क्षेत्रमा लगानी गर्ने र तेस्रो मुलुकको दीर्घकालीन र सबैको खाँचोको व्यवसाय बन्न सक्ने क्षेत्रमा लगानी गर्ने ।

रेमिटेन्स, बैंक, बिमा, सूचना प्रबिधि जलविद्युत र पर्यटन पूर्वाधार सबै व्यवसाय यसै प्राथमिकतामा आधारित छन् । यस कारखानाले प्राथमिकता पूरा गर्न सक्दछ ।


**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# क्षीरेश्वरनाथ नगरपालिका-१ मा अवस्थित 'वंडरलैंड वाटर पार्क'को आज भव्य उदघाटन हुँदै



**खबर दर्पण समाचारदाता**

**फागुन २२ गते, जनकपुरधाम**

मधेश प्रदेशको राजधानी एवं पवित्र मिथिला भूमी जनकपुर धाममा यस प्रदेशकै सबैभन्दा ठूलो अत्याधुनिक वाटर पार्क सञ्चालन हुन लागेको छ। क्षीरेश्वरनाथ नगरपालिका-१ रमदैया मा अवस्थित 'वंडरलैंड वाटर पार्क'को उद्धाटन शुक्रबार बिहान ११ बजे नेपालकी चर्चित अभिनेत्री प्रियंका कार्कीको विशेष उपस्थितिमा हुने भएको छ।

'जानकी फन पार्क एण्ड रिसोर्ट प्रा.लि.'का प्रबन्ध निर्देशक गुड्डु जैनले पत्रकार सम्मेलनमा बोल्दै यो वाटर पार्कको मुख्य उद्देश्य पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना तथा स्थानीय जनतालाई मनोरञ्जन प्रदान गर्नु रहेको बताए। करिब ३ लाख स्क्वायर फिट क्षेत्रफलमा फैलिएको यस वाटर पार्कमा :ultilane slide (२ लेन), Body wave slide, High speed body slide, Open Body Turning slide, Open Float Slide, Wave Pool, Rain Dance, ५ Platform Water Play System, साथै Tots Activity अन्तर्गत ६ विभिन्न Shower -Mushroom Umbrella, Tilting Cone, Water Cage, Rainbow, Fun Crystal Arena, Fun Arch Curtain जस्ता अत्याधुनिक सुविधाहरू उपलब्ध छन्। त्यस्तै, आगन्तुकहरूका लागि पर्याप्त पार्किङ, Food Court, Party Hall तथा Performance Stage समेत निर्माण सम्पन्न भइसकेको जैनले जानकारी दिए।

वंडरलैंड वाटर पार्क दक्ष तथा अनुभवी कर्मचारीहरूको निगरानीमा बिहान १०:३० बजेदेखि बेलुका ५ बजेसम्म सञ्चालन हुनेछ। तीन फिटभन्दा कम उचाइ भएका बालबालिकालाई नि:शुल्क प्रवेश व्यवस्था गरिएको छ भने अन्य आगन्तुकहरूका लागि प्रति व्यक्ति रु. ८४० ( कर बाहेक) प्रवेश शुल्क तोकिएको छ। पार्कको स्वच्छता सुनिश्चित गर्न चारवटा वाटर ट्रीटमेन्ट प्लान्ट जडान गरिएको छ भने आगन्तुकहरूको सुविधाका लागि Costume तथा Locker को पनि व्यवस्था गरिएको छ।

पार्कभित्र १८ हजार स्क्वायर फिट क्षेत्रफलमा फैलिएको मधेशकै सबैभन्दा ठूलो Restaurant Complex निर्माणाधीन रहेको छ, जसमा अत्याधुनिक किचेन, Conference Hall, बार, केबिन लगायतका सुविधाहरू समावेश गरिनेछ। साथै, निकट भविष्यमा Resort, Banquet Hall, तथा बच्चाहरूका लागि अत्याधुनिक Play Zone निर्माण गर्ने योजना रहेको कम्पनीले जनाएको छ।

सिद्धार्थ बैंक लिमिटेडको ऋण सहयोगमा हालसम्म करिब रु. १२ करोड ५० लाख खर्च भइसकेको छ। पार्कमा २ हजार मानिसलाई एकै पटक प्रवेश दिने क्षमता रहेको छ भने सुरक्षा सुनिश्चित गर्न लाइफ गार्ड, सुरक्षा गार्ड तथा बाउन्सरहरूको व्यवस्था गरिएको छ।

पत्रकार सम्मेलनमा कम्पनीका Board या Directors अभिषेक गोयन्का, डा. मोनी महतो, तथा खुश्बु जैन सर्राफको उपस्थिति रहेको थियो।


नागरिकका लागी पालिकाको सूचना

- नियमित कर तिरौँ, सभ्य नागरिक बनौँ ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौँ ।
- अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौँ ।
- दर्ता गरेर मात्र व्यवसाय संचालन गरौँ र दर्ता गरीसकेका व्यवसायलाई सुचिकृत गरौँ ।
- बाल विवाह अन्त्य गरौँ, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौँ, सुरक्षित भविस्य निर्माण गरौं ।

मिथिला नगरपालिका, धनुषा



नागरिकका लागी पालिकाको सूचना

- नियमित कर तिरौँ, सभ्य नागरिक बनौँ ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौँ ।
- अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौँ ।
- दर्ता गरेर मात्र व्यवसाय संचालन गरौँ र दर्ता गरीसकेका व्यवसायलाई सुचिकृत गरौँ ।
- बाल विवाह अन्त्य गरौँ, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौँ, सुरक्षित भविस्य निर्माण गरौं ।



गौशला नगर पालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

गणेशमान चारनाथ नगरपालिका, धनुषा



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,